**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०९** **संख्याः ०१** **मितिः २०८३/०३/३२ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिका सुर्खेतको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७७/११/२७
पहिलो संसोधन मितिः २०८३/०२/२७

**प्रस्तावनाः** भेरीगंगा नगरपालिका क्षेत्रभित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी भेरीगंगा नगरपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

### परिच्छेद् : एक
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम “एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७” रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्कोअर्थ नलागेमा यस निर्देशिकामा :

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृती प्राप्त गरेको बहान सम्झनुपर्छ र सोशब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले भेरीगंगा नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ३बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ ।

(च) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ ।

(छ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

## परिच्छेद् : दुई

## एम्बुलेन्स सेवा संचालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धि व्यवस्था

**३. (क) एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति** :

(१) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) एम्बुलेन्स रहने वडाको वडा अध्यक्ष - सदस्य

(ङ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, भेरीगंगा - सदस्य

(च) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य चौकी इन्चार्ज - सदस्य

(छ) राजस्व शाखा प्रमुख - सदस्य

(ज) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।





भेरीगंगा नगरपालिका सुर्खेतको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार** :

(१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने।यस निर्देशिका अनुसार को आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा दर निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दर एकवर्ष नपुगी पुनरावलोकन गर्न नपाइने । तर, यस नगरपालिकाका स्थायीबासी गर्भवती महिलालाई घरदेखि स्वास्थ्य संस्थासम्म पुग्न प्रयोग गरेमा निःशुल्क हुने,७०बर्ष माथिका व्यक्तिहरुलाई निःशुल्क रुपमा स्वास्थ्य संस्थासम्म ल्याउने, जेष्ठ नागरिकको हकमा वीरेन्द्रनगर सम्म निःशुल्क र नेपालगंजसम्म ५० प्रतिशत छुट हुने, महिला स्वास्थ्य स्वयमसेविकालाई ५० प्रतिशत छुट हुने साथै फोहरमैला प्रशोधन केन्द्रबाट प्रत्यक्ष प्रभावित बासिन्दाहरुले एम्बुलेन्स प्रयोग गरेमा लाग्ने शुल्कमा २५ प्रतिशत छुट हुने ।

(ङ) सरोकारवाला तथा अन्य संघहरुबीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले मापदण्ड बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे/ नगरेको समय-समयमा निरीक्षण गर्ने ।

(ज) चालकको सेवासुविधा र शर्तको विषयमा आवश्यक निर्णय गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवाप्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक तीन-तीन महिनामा नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**(३) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिः**

(१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) एम्बुलेन्स संचालन भएको सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) एम्बुलेन्सले सेवा दिने वडाका वडा अध्यक्ष - सदस्य

(ग) समितिले तोकेको एक जना स्वयम्सेविका - सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रको प्रहरी चौकीको प्रतिनिधी - सदस्य

(ङ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, भेरीगंगा - सदस्य

(च) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य चौकीइन्चार्ज - सदस्य सचिव

## परिच्छेद् : तीन
## सेवा र शर्त सम्बन्धी व्यवस्था

**५. सेवाशुल्क सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले समितिले तोकेको मापदण्ड बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम नगरपालिकाको राजस्व बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(३) सेवा शुल्क वापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता, लगबुकको आधारमा सम्बन्धित स्वास्थ्य चौकीमार्फत नगरपालिकामा राखिनेछ ।

(४) सेवा दिएवापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ। कोषको रकम सामान्यतया चालकको तलव, भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**६. चालकको नियुक्ती र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिका कार्यालयले नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।





भेरीगंगा नगरपालिका सुर्खेतको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

(२) चालकको सेवा सुविधा दफा ३ बमोजिमको समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) चालकको रु. दुई लाख सम्मको दुर्घटना विमा गरिनेछ। विमाको प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिनेछ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद् : चार
## विविध

**७. एम्बुलेन्स रहने स्थानः** भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको निर्णयअनुसार संचालन गरिने एम्बुलेन्स सम्बन्धित वडाको स्वास्थ्य चौकी वा नजिकको प्रहरी चौकीको हातामा सुरक्षितसाथ राखिनेछ ।

**८. एम्बुलेन्सको मर्मत सम्भार :** एम्बुलेन्सको नियमित मर्मत सम्भारको जिम्मेवारी समितिको अनुमति लिई चालकको हुनेछ ।

**९. विविध :**

(१) एम्बुलेन्समा रहने न्यूनतम् सेवा सुविधा तथा औषधीको विवरण समितिले तोकेबमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,
हरिबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत